# प्रवासी श्रमिकहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष(SSF) सम्बन्धी महत्वपूर्ण जानकारीहरू



## १. सामाजिक सुरक्षा कोष के हो ?

स्वदेशमा काम गर्ने तथा वैदेशिक रोजगारमा रहेका सवै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने,तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले स्थपना गरिएको कोष सामाजिक सुरक्षा कोष हो ।

### २. वैदेशिक रोजगारमा रहेका श्रमिकहरू योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुका फाइदाहरू

| क्र.स. | योजनाहरू | अवस्था /सेवा /सुबिधा | सिमा |
|---|---|---|---|
| क. | औषधी उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा योजना | • रोगको परीक्षण तथा उपचार खर्च<br>• अस्पताल भर्ना तथा शल्यक्रिया शुल्क<br>• औषधीको बिल वमोजिम खर्च<br>• चिकित्सकको परामर्श सेवा<br>• नियमित गर्भ परीक्षण लगायतका खर्च<br>• प्रति शिशु १ महिनाको न्यूनतम आधारभूत पारिश्रमिक बराबरको रकम | पछिल्लो ६ महिनामा ३ महिनाको योगदान कोषमा जम्मा भएको हुनु पर्ने |
| ख. | दुर्घटना तथा अशक्तता सुरक्षा योजना | • दुर्घटना भई नेपालमा उपचार गराउनु पर्ने भएमा ७ लाख सम्म उपचार खर्च<br>• दुर्घटना उपचार खर्च वार्षिक रू. १ लाख सम्म<br>पूर्ण रुपमा असक्षम भएमा आजीवन अशक्तता पेन्सन:-<br>• नेपाल सरकारले तोकेको न्युनतम आधारभूत पारिश्रमिक मासिक ६०%<br>• मुद्रास्फिति हुदैं जाने | १२ महिनामा ९ महिनाको योगदान गरेको हुनु पर्ने |
| ग. | आश्रित परिवार सुरक्षा योजना | • योगदानकर्ताको मुत्यु भएमा अन्तिम संस्कार खर्च रु २५००० <br>• आश्रित श्रीमान/श्रीमतीको लागि आजीवन पेन्सन सन्ततिको लागि<br>• २१ वर्ष सम्म शैक्षिक वृति ( फरक क्षमताको हकमा उमेरको हक नलाग्ने ) | १२ महिनामा ९ महिनाको योगदान गरेको हुनुपर्ने |
| घ. | वृद्ध अवस्था सुरक्षा योजना | • योगदानकर्ताको उमेर ६० वर्ष भई सकेपछि पेन्सन पाउने<br>• अतिरक्त जम्मा गरेको रकम नेपाल फर्किने बितिकै निकाल्न सकिने<br>• पोर्टफोलियो लगानीको व्यबस्था | कम्तिमा १८० महिना योगदान गरेको हुनु पर्ने |
| ङ. | थप सुविधा | • नेपाल फर्किने बेलामा जुनसुकै साइजको TV ल्याँउदा नेपाल Airport मा भन्सार (TAX) नलाग्ने ( एक पटकको लागि) | श्रम गरेर गएको हुनु पर्ने |

### वैदेशिक रोजगारीमा रहेका योगदानकर्ताले सामाजिक सुरक्षा कोषमा आबद्ध हुन कति योगदान गर्नुपर्दछ ?





न्यूनतम मासिक योगदान रु २,५९६ देखि अधिकतम योगदान दर रु ३६,५१० सम्म योगदान गर्न सकिन्छ ।

### सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने तरिका

- चरण १. सुरुमा आफ्नो एकाउन्ट लगइन गर्न https://ssf.gov.np जानुहोस् / गर्नुहोस्
- चरण २. Contributor login मा click गरी आफ्नो user ID, password,र SSF नम्बर राखी login गर्नुहोस् ।
- चरण ३. कलेक्सन अप्सनमा क्लिक गर्नुहोस् त्यहाँ चलिरहेको वर्ष र महिना अटो जेनेरेट भएको देख्न सक्नुहुन्छ ।
- चरण ४. नम्बर अफ मन्थमा कति महिनाको योगदान जम्मा गर्न चाहनुहुन्छ, त्यो छनौट गर्नुहोस् ।
- चरण ५. तल नेट पेएवलमा तपाईंले यो महिना तिर्नुपर्ने जम्मा रकम देखिन्छ
- चरण ६. अब Save गरी submit गर्नुहोस् ।
- चरण ७. प्रिन्टमा गएर भौचर डाउनलोड गर्नुहोस् । भौचरमा तपाईंको कमिसन नम्बर उल्लेख गरिएको हुन्छ ।

चरण १.



चरण २.





### रकम भुक्तानीको माध्यमहरू

E–sewa, Khalti by IME pay / connect–IPS / मध्ये जुन तपाई चलाउनुहुन्छ खोल्नुहोस ।
त्यहाँ गभर्मेण्ट पेमेण्ट (Government payment) भित्र सोसल सेक्यूरिटी फण्ड(social security fund) मा जानुहोस् । भौचरमा दिइएको खबमिसन नम्बर र इम्प्लोयर आइडीमा तपाईंको एसएसएफ (SSF) नम्बर राखेर रकम भुक्तान गर्नुहोस ।

eSewa · khalti by IME · connect IPS pay direct from bank

सूचनाको स्रोत: सामाजिक सुरक्षा कोष, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
Website: https://ssf.gov.np/

### थप जानकारीको लागि :

नेपालभित्र ११९६ हटलाइन नम्बर (२४ घण्टा)
विदेशबाट ९८५१३५१७५४
whatus apps
Email: migrantworker@ssf.gov.np

प्रवासी नेपाली समन्य समिति :
चन्द्रागिरि नगरपालिका-१४,
नैकाप, काठमाडौं, नेपाल
Hotline no. : 9851174999
Email : info@pncc.org.np
website: pncc.org.np

सामाजिक सुरक्षा कोष
फोन नं. : ०१-५३१२०६६
०१-५३५६१४४ १-५३५५४६४
कल सेन्टर नं. : १-५९७००१६
Hotline no.: ११९६ (NTC बाट मात्र)
website: sf.gov.np

मलेसियामा रहेको नेपाली राजदूतावास
हटलाइन नम्बर : +६०१६२४७२७७७
सूचना अधिकारी: ०१०८८३३४५४

International Labour Organization · PNCC · सामाजिक सुरक्षा कोष · Schweizerische Eidgenossenschaft / Confédération suisse / Confederazione Svizzera / Confederaziun svizra · Swiss Agency for Development and Cooperation SDC / स्वीस सरकार विकास सहयोग एसडीसी